# MOEST Online दरखास्त पेश गर्दा ध्यान दिनुपर्ने मुख्य मुख्य पक्षहरुः

मिति २०७५ असोज १८ गतेको गोरखापत्रमा समेत प्रकाशित सुचना अनुसार *त्रिभुवन विश्व विद्यालय वा अन्तर्गतका मेडिकल कलेजहरु र विदेशबाट प्राप्त* हुने छात्रवृत्तिका लागि मन्त्रालयको योग्यताक्रम कायम गर्ने प्रयोजनका लागि दरखास्त दिन चाहने इच्छुक उम्मेदवारहरुले Mobile/Tablet/Laptop/Desktopजस्ता इलेक्ट्रोनिक साधनको प्रयोग गरी Onlineमाध्यमबाट दरखास्त पेश गर्न सकिने छ ।

Online Application Form भर्दा सक्कल कागजातबाट स्क्यान (scan) गरी Upload गर्नु पर्ने Documentहरुः

देहाय बमोजिमको समुहमा दरखास्त पेश गर्न चाहनेले देहाय बमोजिमका कागजातहरुको Online Applicationभर्दाका बखत नै Uploadगर्नुपर्ने भएकोले सम्वन्धितDocument Scanगरि प्रत्येक Documentको 600 केवी भन्दा सानोJPEG Format मा Imageतयार गरेपछि स्पष्ट छ छैन एकिन गरेर मात्र फारम भर्न सुरु गर्नु पर्नेछ ।

Photo (Image)= उम्मेदवारको फोटो अनुहार पुर्ण रुपमा देखिने हुनु पर्नेछ ।

Image File Format = The image must be in the join photographic Expert Group (JPEG) format

Image File size = The maximum image size is 240 kilobytes(240KB)

Image Resolution and Dimensions: Minimum acceptable dimensions are 207 pixels×266 pixels(35mm×45mm)

साधारण समुहको लागिः

- नेपाली नागरिकताको प्रमाण पत्र
- IOMको प्रवेशपत्र
- एसएलसी वा सो सरहको लब्धाङ्क पत्र
- एसएलसी वा सो सरहको चारीत्रिक प्रमाण पत्र र बिदेशबाट उत्तीर्ण गरेको भए समकक्षताको पत्र
- दश जोड दुई वा सो सरहको ट्रान्सकिप्ट
- दश जोड दुई वा सो सरहको विदेशमा अध्ययन गरेकाहरुका लागि Pass Certificate/Degree Award Certificate/Provisional Certificate or Migration Certificate तथा समकक्षता
- शैक्षिक योग्यताका प्रमाण पत्रहरुमा र नेपाली नागरिकतामा नाम थर जन्म मिति फरक भए एउटै व्यक्ति भएको सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

आरक्षण समुहको लागिः

(विपन्नताको सिफारिस, सामुदायिक विद्यालय सम्वन्धी सिफारिस र आरक्षित समूहको सम्वन्धी प्रमाण समेत ३ ओटै प्रमाण पेश गर्न सक्ने उम्मेदवारका लागि।)

१.साधारण समुहका लागि तोकिएका कागजातहरु

२.गाँउपालिका/ महा न.पा./ उप म.न.पा./ न.पा. ले जारी गरेको विपन्नताको सिफारिस पत्र

३.शिक्षा विकास तथा समन्वय एकाई वा स्थानीय तहबाट जारी गरेको सामुदायिक विद्यालय सम्वन्धी सिफारिस पत्र

४.जुन समुहमा दरखास्त दिने हो सो समुहमा पर्ने भनि तोकिएको निकायले जारी गरेको सिफारिस पत्र (महिला समुह बाहेक)

आरक्षण समुहः अन्य विद्यालय

नेपाल भित्रका सामुदायिक विद्यालय बाहेकका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाण पेश गर्न सक्ने उम्मेदवारहरू र सामुदायिक(सरकारी) विद्यालयबाट एस.एल.सी. उत्तीर्ण गरेको भएता पनि शिक्षा विकास तथा समन्वय इकाई वा स्थानीय तहको पत्र र तोकिएको ढाँचामा तोकिएको मिति

भित्र प्रदान गरिएको विपन्नताको सिफारिसपत्र पेस गर्न नसक्ने तर आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाणमात्र पेस गर्न सक्ने अन्य उम्मेदवारहरूका लागि)

- साधारण समुहका लागि तोकिएका कागजातहरु र जुन समुहमा दरखास्त दिने हो सो समुहमा पर्ने भनि तोकिएको निकायले जारी गरेको सिफारीस पत्र (महिला समुह बाहेक)

दरखास्त फाराम पेश गर्न माथि तोकिए बमोजिमका आवश्यक कागज प्रमाणहरुको स्क्यान (SCAN)प्रति समेत तयार गरे पछिमात्र फाराम भर्न शुरु गर्नु पर्नेछ ।

- **झुट्टा विवरण पेश गरी अवेदन गरेमा दुई वर्षसम्मका लागि अयोग्य हुने गरी सुचिकृत गरीने हुदा यथार्थ विवरण मात्र दरखास्तमा उल्लेख गर्नुहोला ।**
- दरखास्त फारम भर्ने उम्मेदवारले IOM ले मिति २०७५ असोज ६, ७ र ८ गते लिएको प्रवेश परीक्षामा उत्तिर्ण गरेको हुनु पर्नेछ ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको Online दरखास्त फाराम भर्न IOM को Entrance Examको रोल.नं./सिट नं र परीक्षार्थीको जन्म मिति ईन्ट्री गरेपछि मात्र Online Application फाराम खुल्नेछ ।
- Onlineदरखास्त फाराम भर्न शुरु गरेको एक घण्टा भित्र भरी सक्नुपर्नेछ ।
- जुन परीक्षाको लागि दरखास्त पेस गर्ने हो सो विषयसँग सम्वन्धित विवरण मात्र भर्नु पर्नेछ ।
- एक भन्दा बढी दुई ओटा विषयमा योग्यताक्रम कायम गराउन दुई ओटा छुट्टाछुट्टै फाराम भर्नु पर्नेछ । राजश्व पनि दुवैको लागि छुट्टछुट्टै बुझाउनुपर्नेछ ।
- दरखास्त फारम मिति २०७५ साल असोज १८ गते देखी २०७५ साल असोज २६ गते सम्म Online माध्यमबाट भर्न सकिनेछ ।
- एक पटक फाराम भरि सेभ गरि सकेपछि पुन सोहि विषयको फाराम भर्न पाईने छैन तर अर्को विषयका लागि दरखास्त फाराम भर्न पाईने छ ।
- फाराम भर्ने क्रममा अवश्यक विवरण नपुगेमा रातो रङगकोAsterisk (*) देखिन्छ त्यस्तो भएमा उक्त चिन्हमा माउस (mouse) राखी सहयोग(Help) लिन सकिनेछ ।
- Onlineफाराम भर्ने क्रममा फाराम पुरा भरी नसकेसम्म BACK or REFRESH बटन नथिच्ने।
- Onlineफारम पुरा भरिसकेपछि दरखास्त फारम मन्त्रालयमा प्राप्त भएको जानकारी MOE Online Registration नं. तथा अद्यावधिक गर्नु पर्ने भए सो समेत हेरिसके पछिमात्र मन्त्रालयबाट तपाईको E-Mail मा पठाईनेछ । इमेल ठेगाना गलत इन्ट्री भइ इमेल प्राप्त नभएमा विद्यार्थी स्वयम् जिम्मेवार हुनेछ ।
- Confirmationप्राप्त भए पश्चात् तोकिएको मितिमा रा.बा. बैङक ठमेल शाखा वा उक्त बैङकको छात्रवृत्ति शाखाको केशरमहल परिसरमा रहेको काउन्टरमा रु.१०००।- राजश्व दस्तुर वुझाएको रसिद सहित सबै सक्कल कागजातहरु साथमा लिई दरखास्त फारम दर्ता भएको निस्सा लिनु पर्नेछ ।
- Onlineफारम भर्ने क्रममा कुनै समस्या परेमा छात्रवृत्ति शाखामा सम्पर्क गर्नुहोला।
- ***अनलाइन आवेदन दिएका उम्मेदवारहरुले सूचनामा कागजात पेश गर्न तोकिएको अन्तिम मितिका दिन भित्र राजश्व तिरेको भौचर र कागजात पेश गरी दर्ता निस्सा नलिएका आवेदकहरुको फर्म अस्वीकृत भई योग्यताक्रम सूचीमा रहनेछैन।***

**नोटः पेश गर्नुपर्ने कागजातहरुको विस्तृत जानकारी र अन्य जानकारीका लागि यस मन्त्रालयको वेवसाइट www.moe.gov.npमा राखिएको सूचना अध्ययन गर्नुहोला ।**

शाखाको फोन न. ४४१८१६९